नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर
(.......................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल

प.सं.: ०८२।८३
च.नं.: ९०४

मिति:- २०८३।०३।११
ने.सं. ११४६ तछलाथ्व ११, बिहीवार

विषयः- थप सूचना।

**सुदुरपश्चिम प्रदेशस्तरीय सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीका लागि स्टलको तयारी एवम् कार्यक्रम सञ्चालन सम्वन्धमा।**

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आयोजनामा सुदुरपश्चिम प्रदेश भित्रका युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यक्रम सञ्चालन देहाय बमोजिमको मिति, स्थान र समयमा हुने हुँदा मिति २०८३।०३।०९ गतेको सूचनालाई थप स्पष्ट पारिएको हुनाले स्टार्टअप व्यवसायीहरूलाई तपसिल बमोजिम उपस्थितिका लागि अनुरोध छ।

तपसिलः-

- कार्यक्रम आयोजना हुने मिति;- २०८३।०३।१६ गते मंगलबार बिहान ८:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म।
- स्थानः- कैलाली उद्योग वाणिज्य संघको सभाहल, धनगढी उपमहानगरपालिका १, चेम्बर मार्ग।
- स्टार्टअप व्यवसायी प्रति स्टल बढीमा ५ जनाका लागि खाजा र खानाको व्यवस्था छ।
- स्टार्टअप व्यवसायीहरूलाई यस कार्यालयबाट उपलब्ध गराइने स्टलमा राखे आफ्नो व्यवसाय र उत्पादन झल्किने व्यानरको व्यवस्था व्यवसायी स्वयमले गर्नुपर्नेछ।
- प्रदर्शनीमा उद्यमी/व्यवसायीले आफ्नो उत्पादित वस्तु तथा सेवाको अग्रिम बुकिङ तथा बिक्रि वितरण गर्न पाईनेछ।
- प्रदर्शनीमा उद्यमी/व्यवसायीले आफ्नो फर्म वा कम्पनी सम्बन्धी Demo प्रस्तुत गर्न चाहेमा सोका लागि आवश्यक पर्ने सामग्री/औजार समेत व्यवसायी आफैले व्यवस्था गर्नुपर्नेछ।
- प्रदर्शनीमा सहभागी हुने १५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन बापत प्रति स्टल रु.१०,००० (दश हजार) का दरले रकम प्रदान गरिनेछ।
- प्रदर्शनीमा सहभागी १५ वटा व्यसायीहरूमध्ये उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम प्रदान गरिनेछ।
- थप जानकारीका लागि सम्पर्क फोन नम्बर ९८५७८२२०१२/९८६००९०५२३

प्रशासकीय प्रमुख

वेबसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फयाक्स)

CamScanner

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
# राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर
(..........................................................शाखा)
राष्ट्रिय युवा परिषद्-नेपाल

प.सं.: ०८२/८३
च.नं.: ५०४

मिति:- २०८३।०३।११
ने.सं. ११४६ तछलाथ्व ११, बिहीवार

प्रदर्शनीमा मूल्याङ्कन गर्ने आधारहरू निम्ननुसार रहनेछन्।

क. आकर्षक स्टल,

ख. कच्चा पदार्थको आपूर्तिको व्यवस्था,

ग. स्रोत साधनको उपलब्धता,

घ. उत्पादित वस्तु तथा सेवाको प्रदर्शनी,

ङ. आर्थिक व्यवस्थापन,

च. उत्पादन, उत्पादन प्रक्रिया, बजारीकरण, रोजगारीको अवस्था,

छ. नवप्रवर्तन (नयाँपन/फरकपन)को अवस्था

ज. प्रविधिको सिर्जनात्मक प्रयोगको अवस्था

झ. बजार विस्तार (Scale Up)र स्थायित्वको संभावना,

ञ. लाभान्वित जनसंख्याको व्यापकता,

ट. सम्बन्धित स्थान/समाजसँगको सान्दर्भिकता,

ठ. prototype/MVP रहे/नरहेको,

ड. आर्थिक/सामाजिक योगदान तथा जोखिमको विश्लेषण,

ढ. अवलोकनकर्ताको आकर्षण,

ण. टोलीको सीप अनुभव एवम् क्षमता,

त. बजारको माग, आपूर्ति, भावी कार्ययोजनासहितको तथ्य/तथ्याङ्कमा आधारित प्रस्तुतीकरण

<u>वोधार्थ:</u>

श्री धनगढी उपमहानगरपालिका, कैलाली – सूचना तथा समन्वय गरिदिनु हुन।
श्री कैलाली उद्योग वाणिज्य संघ, धनगढी – सूचना तथा समन्वय गरिदिनु हुन।

गेहनाथ गौतम
प्रशासकीय प्रमुख
प्रशासकीय प्रमुख

वेवसाइट: www.nyc.gov.np, इमेल: info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)